# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७५।०६।१९ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

काठमाडौं महानगरपालिकाको कार्यालय, टेकूस्थित मिसिल शाखामा कार्यरत कार्यालय सहयोगी उद्‌वप्रसाद गिरीले सेवाग्राहीको फाईल खोज्न आनाकानी गरी बिभिन्न बहाना बनाइ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.५,०००।-(पाँच हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.५,०००।-(पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय(क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता